**कार्यपालिका बैठक संख्या नं. ६२ स्थानः नगरपालिका भवन मिति २०८२/११/१३ गते**

**समयः बिहान ११:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण सम्बन्धमा।
३. प्रदेश सरकार समक्ष समपुरक तथा विशेष अनुदान कार्यक्रम पेश गर्ने सम्बन्धमा।
४. प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धमा।
५. श्रोत सुनिश्चता सम्बन्धमा।
६. 'घ' वर्गको ईजाजत पत्र जारी गर्ने सम्बन्धमा।
७. रानीकोट एग्रो फर्ममा भएको आकस्मिक उपचार खर्च अनुमोदन सम्बन्धमा।
८. शिवजन मा. वि. शीतलपाटीको जीर्ण भवन भत्काउने अनुमति सम्बन्धमा।
९. मतगणना कार्यका लागि आवश्यक पूर्वाधार व्यवस्था सम्बन्धमा।
१०.जेसिविले क्षति पुऱ्याएको मोटरसाइकलाई क्षतिपूर्ति दिने सम्बन्धमा।
११. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।
१२. भुक्तानी फरफारक सम्बन्धमा।
१३. मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धमा।
१४.विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको अर्को बैठकमा पेश हुने गरी तपसीलमा उल्लेखित कानून राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो ।

(१) लागत साझेदारी प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

(२) वृत्ति मार्गनिर्देशन सेवा संचालन सम्बन्धी कार्यविधि,२०८२

**निर्णय नं. ३**

कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेतबाट आ. व. २०८३/८४ का लागि यही मिति २०८२ फाल्गुन १ गते प्रकाशित सूचना बमोजिम प्रदेश समपुरक तथा विशेष कार्यक्रम तर्फ तपसीलका आयोजनाहरु माग गर्नुका साथै समपुरक तर्फका आयोजनामा ५० (पचास) % रकम नगरपालिकाको तर्फबाट सहलगानी गर्ने प्रतिवद्दता जनाउने निर्णय गरियो ।

तपसीलः

(क) समपुरक तर्फः

| सि. न. | आयोजनाको नाम | नगरपालिकाको योगदान रकम | प्रदेश सरकारको योगदान रकम | आयोजना लागत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं २ को कार्यालय भवन निर्माण | रु. १ करोड | रु. १ करोड | रु २ करोड | २ वर्षमा सम्पन्न हुने |
| २ | लेखपोखरा जाने मोडदेखि स्यानीखालसम्म जाने सडक निर्माण | रु. १ करोड | रु. १ करोड | रु २ करोड | २ वर्षमा सम्पन्न हुने |
| ३ | सुवाकोटी मेलास्थल देखि डाँडागाउँ जाने सडक निर्माण | रु. १ करोड | रु. १ करोड | रु २ करोड | २ वर्षमा सम्पन्न हुने |

(ख)विशेष तर्फः

| सि. न. | कार्यक्रमको नाम | प्राथमिकता नम्बर | आयोजना लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | युवा लक्षित व्यवसायिक पशुपन्छीपालन प्रवर्द्धन कार्यक्रम | १ | रु. ५० लाख | १ वर्षमा सम्पन्न हुने |
| २ | कृषक समूहका लागि यान्त्रिकरण कार्यक्रम | २ | रु. १ करोड १५ लाख (समूहको लागत ५५ लाख) | १ वर्षमा सम्पन्न हुने |

**निर्णय नं. ४**

(क) यस नगर कार्यपालिकाको मिति २०८२ कार्तिक १९ गते बसेको ५६ औं बैठकले अख्तियारी दिएको सैद्धान्तिक सहमति अनुसार तयार गर्न लागिएको शारदा नगरपालिकाको सीमा क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट उत्खनन् हुने नदीजन्य पदार्थको भण्डारण एवं बिक्री वितरण कार्यलाई सरलीकृत गर्नका लागि परामर्शदाता कम्पनी श्री **GS Engineering Solution Pvt. Ltd.** काठमाण्डौले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक नं. ६२ मिति २०८२ फाल्गुन १३ गते**

(ख) यस नगर कार्यपालिकाको मिति २०८२ कार्तिक १९ गते बसेको ५६ औं बैठकले अख्तियारी दिएको सैद्धान्तिक सहमति अनुसार तयार गर्न लागिएको शारदा नगरपालिकाको वार्ड नं १० अन्तर्गत रहेको भंगारचौर-ठूलाखोला-जलुके-जर्खु (६.०१५ कि. मि.) र तेरागाउँ- बलेखर्क (३.७४१ कि. मि.) सडक खण्डको पूर्वाधार कार्यालय, सल्यानको तर्फबाट परामर्शदाता कम्पनी श्री **GLS Engineering Consultancy Pvt. Ltd.** तिनकुने काठमाण्डौले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत शारदा नगरपालिका वार्ड नं. १३ मा रहेको स्यानीखाल स्वास्थ्य चौकी निर्माणका लागि रु. ३८,००,०००/-(अक्षेरुपी अडतिस लाख मात्र) विनियोजन भई आएकोले सो स्वास्थ्य चौकी निर्माणका लागि पूर्वाधार शाखाले पेश गरेको लागत अनुमान रकम रु. ४८,६३,१३५/- (अक्षेरुपी अडचालिस लाख त्रिसठ्ठी हजार एक सय पैतिस मात्र) मा अपुग रकम रु. १०,६३,१३५/- (अक्षेरुपी दस लाख त्रिसठ्ठी हजार एक सय पैतिस मात्र) आर्थिक वर्ष २०८३/८४ को बजेटबाट विनियोजन हुने गरी श्रोत सुनिश्चतता गर्ने र यथाशीघ्र ठेक्का प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ६**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सल्यानमा तपसीलको मितिमा दर्ता भएको निर्माण सम्बन्धी काम गर्ने फर्म प्रचलित कानून बमोजिम लाग्ने राजस्व रकम लिई नयाँ इजाजत प्रमाण पत्र जारी गर्ने निर्णय गरियो।

| सि न | फर्मको नाम | प्रा. फ. दर्ता नम्बर | उद्योग तथा उपभोक्ता हीत संरक्षण कार्यालय बाट जारी मिति | प्रोप्राइटरको नाम थर | कैफि. |
|---|---|---|---|---|---|
| १ | आगमन निर्माण सेवा, शारदा-०४, सल्यान | ३७३०-०८२/८३ | २०८२/०९/२९ | श्री करिश्मा योगी गिरी शारदा- ०४, सल्यान | |
| २ | रवि एण्ड निरु निर्माण सेवा, शारदा-१५, सल्यान | ३७३१-०८२/८३ | २०८२/०९/२९ | श्री लिला कुमारी के सी शारदा- १५, सल्यान | |

**निर्णय नं. ७**

यस शारदा नगरपालिका वार्ड नं ५ मा रहेको रानिकोट बरपिपल कृषि कम्पनी र त्यस आसपासका बाख्राहरुमा ब्रुसेलोसिस नामक रोगको संक्रमणले बाख्राको प्रजनन् क्षमता र गर्भ तुहिने समस्या उत्पन्न भई २०८२ पौषको पहिलो हप्ता सम्ममा ६२ भन्दा बढी कम्पनीमा र त्यही वरपरका केही किसानको बाख्रामा समेत सोही समस्या उत्पन्न भएकोले सो विपद्जन्य महामारीमा यस नगरपालिकाको तर्फबाट औषधी उपचारका लागि खरिद भएको औषधी वापतको खर्च रकम रु. १,९२,०७४।०० (अक्षेरुपी एक लाख बयानब्बे हजार चौरत्तर मात्र) शारदा नगरपालिका विपद् कोषबाट भुक्तानी प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ८**

यस शारदा नगरपालिका वार्ड नं १ शीतलपाटीमा रहेको शिव जन माध्यमिक विद्यालयमा कर्णाली प्रदेश सरकारको साझेदारीमा ठूला विद्यालय विकास अनुदान प्राप्त भएकोले २०५७ सालमा बनेको हालमा क्यान्टिनको रुपमा प्रयोग भएको भवन भत्काउने अनुमति प्रदान गरी सो स्थानमा नयाँ भवन बनाउने अनुमति माग भएकोले वार्ड नं १ अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

श्री प्रदीप पाण्डेको रोहबरमा तयार भई सिफारिश भएको मुचुल्काको आधारमा पुरानो भवन भत्काउने तथा नयाँ भवन निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को सन्दर्भमा मूख्य निर्वाचन अधिकृतको कार्यालय, सल्यानले मतगणनास्थल वरिपरि तारवार, CCTV Camera तथा इन्टरनेट जडान र वैकल्पिक विद्युत आपूर्ति लगायतका व्यवस्था गरिदिन हुन भनी च. न. ३५ मिति २०८२/११/१३ को पत्रबाट अनुरोध भई आएकोले कार्यालयको तर्फबाट कम्प्यूटर अपरेटर श्री सुनयन राईलाघ सम्पर्क व्यक्ति तोकी व्यवस्थापन कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. १०**

शारदा नगरपालिका वार्ड नं १ र १५ जोड्नलाई शारदा नदी माथि काठेपुल निर्माण गर्ने क्रममा यस नगरपालिकाको Back Hoe Loader ले ठक्कर दिई सिद्धकुमाख गाउँपालिका वार्ड नं ४ बस्ने सन्तोष बस्नेतको रा २ प ९१४९ नम्बरको मोटरसाइकलमा पुऱ्याएको क्षतिका लागि रु. ९,०००/- (अक्षेरुपी नौ हजार मात्र) सवारी साधन मर्मत शीर्षकबाट क्षतिपूर्ति वापत भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ११**

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले आर्थिक वर्ष २०८२/८३ को पेश गर्नु भएको २०८२ फाल्गुन १२ गतेसम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

यस आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) को अनुमोदन गर्ने निर्णय गरियो । जसमा चालु तर्फ रु. २२,४६,४४,२०१।१९ (४२.४९ प्रतिशत) पूँजीगत तर्फ रु. १,७०,८१,५०३।०० (१३.२५ प्रतिशत) र समग्रमा २४,१७,२५,७०४।१९ (३६.७६ प्रतिशत) रहेको छ।

**निर्णय नं. १३**

यस आर्थिक वर्षको वार्षिक विकास कार्यक्रममा रकम विनियोजन भए बमोजिम एक जना मनोसामाजिक परामर्शकर्ता भर्ना गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. १४**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) शारदा नगरपालिका वार्ड नं. १ का विभिन्न बाटो मर्मत तथा निर्माण, वार्ड नं. १४ को पानीखोला देखि राउता कुना गाउँ जाने बाटो निर्माण गर्दा नगरपालिकाको जेसिवि तथा स्काभेटर प्रयोग गर्ने र सो मा खपत हुने इन्धन नगरपालिकाले व्यवस्था गर्ने।

(ख) फिक्कल गाउँपालिका, सिन्धुलीले आयोजना गरेको राष्ट्रिय यु १६ रग्वी महिला तथा पुरुष प्रतियोगितामा यस जिल्लाबाट सहभागिता जनाउने पुरुष टिमलाई युवा तथा खेलकुद बजेट शीर्षकबाट यातायात खर्च वापत रु ५०,०००/- (अक्षेरुपी पचास हजार मात्र) उपलब्ध गराउने। त्यस्तो रकम लिन प्रतिवेदन तथा यातायात बील वा रसिद पेश गर्नु पर्ने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्यान

(ग) शारदा नगरपालिका वार्ड नं. ७ मा रहेको जनचेतना युवा क्लबले सञ्चालन गरेको भलिबल प्रतियोगिताका लागि युवा तथा खेलकुद बजेट शीर्षकबाट यातायात खर्च वापत रु. १५,०००/- (अक्षेरुपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने। त्यस्तो रकम लिन कार्यक्रम समापन प्रतिवेदन तथा अन्य बील भर्पाई पेश गर्नु पर्ने।

(घ) शारदा नगरपालिका भ्रमणमा आउने तथा यस नगरपालिकाका शुभचिन्तक व्यक्तिहरुलाई नगरपालिकाको तर्फबाट सल्यानी खुकुरी उपहार स्वरुप प्रदान गर्दा भएको खर्च रकम रु २,०५,०००/- (अक्षरुपी दुई लाख पाँच हजार मात्र) शीर्षकबाट भुक्तानी दिने।

(ङ) यस नगरपालिकाको वार्ड न ६ को सापमारामा सडकको नयाँ ट्रयाक खोल्दा जेसिवि चालक तथा सहचालकले खाजा खाना खाएको रकम रु २०,०००/- (अक्षेरुपी बीस हजार मात्र) विविध शीर्षकबाट भुक्तानी दिने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक नं. ६२ मिति २०८२ फाल्गुन १३ गते**